नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
म्याग्दी, बेनी

फो.नं. कोड ०६९
प्र.जि.अ. ५२०३४३
स.प्र.जि.अ. ५२०२३३
फ्याक्स ५२०१३३
Email: daomyagdi@gmail.com
Web: daomyagdi.moha.gov.np

प.स.:- ०७७/०७८
च.नं. :-

मितिः-२०७७/०५/०२

## आवागमन व्यवस्थित गर्ने सम्बन्धी सूचना ।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (Covid-19) को संक्रमण नेपालमा दैनिक रुपमा बढिरहेको छ । म्याग्दी जिल्लासँग सीमा जोडिएका तथा छिमेकी जिल्लाहरूमा बढ्दो संक्रमणले यस जिल्लामा समेत संक्रमणको जोखिम थपिएको छ । अत्यावश्यक काम बाहेक म्याग्दी जिल्ला बाहिरबाट यस जिल्लामा प्रवेश गर्ने व्यक्तिहरूको प्रवेशलाई व्यवस्थित गर्न जरूरी भएकोले मिति २०७७/०५/०२ गते मध्यरातबाट लागू हुने गरि अर्को सूचना नभएसम्म म्याग्दी प्रवेश गर्ने सीमा नाका कालीपुल बाहेक अन्य स्थानबाट पैदल तथा सवारी मार्फत हुने प्रवेशलाई पूर्ण रूपमा बन्द गरिएको छ । अत्यावश्यक कामको लागि म्याग्दी जिल्ला प्रवेश गर्नु परेमा बिहान ७:०० बजेदेखि बेलुकी ७:०० बजेसम्म कालीपुलबाट अनुमति लिएर मात्र प्रवेश गर्नुहुन साथै म्याग्दी प्रवेश पश्चात तोकिएको होल्डिङ सेन्टरमा बस्न, तोकिएको फारम भर्न, आवश्यक परामर्श लिई स्थानीय तहको जिम्मेवारीमा होम क्वारेन्टाइनमा बस्न सम्बन्धित सबैमा अनुरोध छ । कसैले यो सूचनाको अवज्ञा गरेमा संक्रामक रोग ऐन, २०२० बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

२०७७-०५-०२

महेश सुवेदी
सहायक प्रमुख जिल्ला अधिकारी